नेपालसरकार

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

# <u>प्रेस विज्ञप्ति</u>

राजस्व अनुसन्धान विभाग हरिहरभवन ललितपुरबाट निम्न विवरण सहितको विदेशी विनिमय (हुण्डीजन्य कारोवार) सम्बन्धी मुद्दा **<u>काठमाडौं जिल्ला अदालत</u>** बबरमहल काठमाडौंमा मिति २०७९।०५।१६ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः** कनैयालाल गर्गको नाति, सुरज मलको छोरा, भारत राजस्थान प्रदेश सिक्कर जिल्ला देवथलभई हाल का.म.न.पा.वडा नं २८ बिजुलीबजार बस्ने राजु अग्रवाल भनिने राजेन्द्र कुमार

२. **कसुरको संक्षिप्त विवरणः** प्रतिवादी राजु अग्रवाल भनिने राजेन्द्र कुमारले विदेशी विनिमय (हुण्डीजन्य कारोवार) मिति २०७९।०४।२३ मा का.म.न.पा वडा नं १८ नरदेवी जय श्री खाटु इन्टरनेशनल को नाममा व्यावसाय गर्ने भनी नगदै ७४,००,०००।-(चौहत्तर लाख) हुण्डीजन्य कारोवार गरेको भनीबरामद गरी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले बरामद गरी यस विभागमा बुझाएको।

३. **कायम भएको बिगो र सजाय मागदावीः** प्रतिवादी भारतीय नागरीक राजेन्द्र कुमारले चाइनाबाट सामान ल्याई इलेक्ट्रिक सम्बन्धी व्यवसाय गर्ने भनी अफिस खोली कर्मचारी राखी बैंक खाता नखोली नगदै जम्मा गरी गैर कानूनी रुपमा हुण्डीजन्य कारोवार गरेको हुँदा प्रतिवादी राजेन्द्र कुमारबाट बरामद भएको श्रोत नखुलेको रकमलाई नै बिगो कायम गरी **बिगो रु.७४,००,०००।- (चौहत्तर लाख)** बराबरको उक्त कसुरजन्य कार्य विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ३(१), ४(१) ५ तथा ९ ग (ग) बमोजिमको कसुरजन्य कार्य भए गरेको हुँदा निज प्रतिवादी राजेन्द्र कुमारलाई सोही ऐनको दफा १७(१) बमोजिम सजाय हुन र बरामद दशी रकम जफत हुन दावी लिई श्री काठमाडौं जिल्ला अदालतमा मिति २०७९।०५।१६ मा मुद्दा दायर गरियो ।

**सूचना अधिकारी**
**राजश्व अनुसन्धान विभाग**